प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

## प्रेस विज्ञप्ति

मिति : २०७७/१/२९

आज सम्माननीय प्रधानमन्त्रीज्यू र गण्डकी प्रदेशका माननीय मुख्यमन्त्रीज्यूबीच गण्डकी प्रदेशका सबै जिल्लामा ICU स्थापना गर्ने, लेखनाथ सामुदायिक लायन्स अस्पताललाई प्रदेशको संक्रामक रोग अस्पतालको रुपमा विकास गर्ने लगायतका विषयमा छलफल भयो।

आज स्वास्थ्य मन्त्रालयबाट गण्डकी प्रदेशमा खटिइ आउनुभएका डा. प्रदीप के.सी र डा. सन्तोष के.सी ले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति, पश्चिमान्चल क्षेत्रिय अस्पतालका निर्देशक डा. अर्जुन आचार्य, विभागीय प्रमुखहरु लगायत सम्मिलित एक बैठक पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सम्पन्न भएको छ | बैठकमा कोभिड - १९ सम्बन्धि प्रयोगशाला परिक्षण, आइसोलेसन लगायतका विषय र ओ.पी.डी तथा अन्य सेवा संचालन गर्ने विषयमा समेत छलफल भएको थियो।

आज स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश पोखरामा प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रका संयोजक नवराज शर्मा, विश्व स्वास्थ्य संगठनका डा. राजीव लालचन र सु-आहारा कार्यक्रमका यम.जी.सी सम्मितिल एक बैठक सम्पन्न भएको छ | बैठकमा सुआहारा ले कोभिड - १९ सम्बन्धि कार्यसम्पादनको लागि चिकित्सक उपलब्ध गराउनुका साथै सामुदायिक सचेतना कार्यक्रममा समेत सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।

आर्थिक वर्ष २०७७/७८ को स्वास्थ्य तर्फको कार्यक्रम तथा योजना निर्माण गर्नका लागि प्रदेश स्वास्थ्य तालिम केन्द्रमा हिंजो शुरु भएको बैठक आज समेत जारी रहेको छ ।

कोभिड - १९ को रोकथाम, उपचार, ब्यवस्थापन एवं Recording Reporting लगायतका विषयमा स्वास्थ्य कार्यालय पर्वतमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । आज भएको उक्त कार्यक्रमको अध्यक्षता स्वास्थ्य कार्यालय पर्वतका प्रमुख डा. भोजराज गौतमले गर्नुभएको थियो भने अन्य सहभागीहरु स्थानीय तहका स्वास्थ्य संयोजक, सूचना प्रबिधि अधिकृत र स्वास्थ्य कार्यालय पर्वत का कर्मचारीहरु हुनुहुन्थ्यो। कार्यक्रमको सहजीकरण नवीन किरण भुसाल, मोहदत्त ढकाल र सफ्टवेयर निर्माता प्रकाश पौडेलले गर्नुभएको थियो।

अहिलेसम्म गण्डकी प्रदेशमा ७२४ जनाको नमुना संकलन भएको छ जसमा ६९५ जनाको परीक्षण परिणाम नेगेटिभ रहेको छ भने २ जना संक्रमित मध्ये दुवै जना निको भएर घर फर्किसक्नुभएको छ र २७ जनाको परिक्षण परिणाम आउन बाँकी रहेको छ। त्यसैगरी आजसम्म गण्डकी प्रदेशमा ६५१४ जनामा RDT परिक्षण गरिएको छ।

**डा विनोद विन्दु शर्मा**
**निर्देशक**